नेपाल सरकार

गृह मन्त्रालयको

# सूचना

नेपाल सरकारले संवत् २०६६ साल वैशाख १ गतेदेखि संवत् २०६६ साल चैत्र मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालयहरुलाई देहाय वमोजिमको सार्वजनिक एवं पर्व विदाहरु दिने निर्णय गरेको छ ।

१. वर्षभरिका शनिवार विदा :

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | वैशाख | ५,१२,१९,२६ (४ दिन) | (ख) | जेठ | २,९,१६,२३,३० (५ दिन) |
| (ग) | असार | ६,१३,२०,२७ (४ दिन) | (घ) | साउन | ३,१०,१७,२४,३१ (५ दिन) |
| (ङ) | भदौ | ६,१३,२०,२७ (४ दिन) | (च) | असोज | ३,१०,१७,२४,३१ (५ दिन) |
| (छ) | कात्तिक | ७,१४,२१,२८ (४ दिन) | (ज) | मङ्सिर | ६,१३,२०,२७ (४ दिन) |
| (झ) | पुष | ४,११,१८,२५(४ दिन) | (ञ) | माघ | २,९,१६,२३ (४ दिन) |
| (ट) | फागुन | १,८,१५,२२,२९ (५ दिन) | (ठ) | चैत | ७ ,१४,२१,२८ (४ दिन) |

जम्मा : ५२ दिन

२. पर्व बिदाहरु :

(क) नववर्ष, वैशाख १ गते मंगलवार ।

(ख) सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका गौरा पर्व मनाउने जिल्लाहरुमा गौरा पर्व (गौरा पूजा) पर्ने दिन ।

(ग) किराँत राई लिम्वू जातिको उभौली पर्व चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), वैशाख २६ गते शनिबार ।

(घ) जनै पूर्णिमा, रक्षावन्धन (ऋषि तर्पणी) श्रावण २१ गते बुधबार ।

(ङ) इस्लाम धर्मावलम्वीहरुको पर्व ईद (इदुल्ल फित्र) का दिन ।

(च) छठ पर्व कार्तिक ७ गते शनिवार ।

(छ) इस्लाम धर्मावलम्वीहरुको पर्व बकर ईद (इदुल जोहा) का दिन ।

(ज) किराँत पर्व उधौली पूजा, योमरी पुन्ही ज्यापु दिवस (मङ्सिर पूर्णिमा, धान्य पूर्णिमा) मंसिर १७ गते बुधवार ।

(झ) इसाई धर्मावलम्वीहरुको पर्व क्रिसमस डे, (डिसेम्बर २५ तारिख) पौष १० गते शुक्रबार ।

(ञ) तमूल्होछार पौष १५ गते बुधबार ।

(ट) माघी पर्व माघ १ गते शुक्रबार ।

(ठ) सोनम ल्होसार (माघ शुक्ल प्रतिपदा) माघ २ गते शनिवार ।

(ड) महाशिवरात्री, माघ २९ गते शुक्रवार ।

(ढ) फागुपूर्णिमा, फाल्गुण १६ गते आइतवार र देहायका जिल्लाहरुमा फाल्गुण १७ गते सोमवार ।

जिल्लाहरुको नाम

| | | | |
|---|---|---|---|
| १. झापा | २. मोरङ्ग | ३. सुनसरी | ४. सप्तरी |
| ५. उदयपुर | ६. सिरहा | ७. धनुषा | ८. महोत्तरी |
| ९. सर्लाही | १०. रौतहट | ११. बारा | १२. पर्सा |
| १३. नवलपरासी | १४. रुपन्देही | १५. कपिलवस्तु | १६. दाङ |
| १७. वाँके | १८. बर्दिया | १९. कैलाली | २०. कञ्चनपुर |

(ण) सिरुवा पावनी पर्वका दिन त्यस्तो पर्व मनाउने झापा, मोरङ्ग, सुनसरी, सिराहा र सप्तरी जिल्लामा ।

(त) नेपाली सिख धर्मावलम्वी सरकारी कर्मचारीहरुलाई गुरु नानक जयन्तीका दिन ।

(थ) धवथाम्वु छेउचिक पर्वका दिन त्यस्तो पर्व मनाउने जिल्लाहरुमा स्थानीय विदा ।

(द) हिमाली आदिवासी शेर्पाहरुले मनाउने घ्याल्वो लोसारका दिन ।

३. महिला कर्मचारीहरुको लागि मात्र :

(क) हरितालिका (तीज), भाद्र ७ गते आइतवार ।

(ख) ऋषि पञ्चमी, भाद्र ८ गते सोमवार ।

४. शिक्षण संस्थाहरुको लागि मात्र :

वशन्त पञ्चमी, माघ ६ गते बुधवार ।

५. काठमाडौं उपत्यकालाई मात्र जात्रा विदा :

(क) गाईजात्रा, श्रावण २२ गते विहिवार ।

(ख) इन्द्रजात्रा, भाद्र १८ गते विहिबार ।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा ।

६. दशैं बिदा :

(क) घटस्थापना, आश्विन ३ गते शनिवार ।

(ख) आश्विन ९ गते शुक्रवारदेखि आश्विन १५ गते विहिवारसम्म (फूलपातीदेखि द्वादशीसम्म) ।

(ग) कोजाग्रत पूर्णिमा आश्विन १७ गते शनिवार ।

७. तिहार बिदा :

(क) लक्ष्मीपूजा, आश्विन ३१ गते शनिवार ।

(ख) गोवर्धन पूजा, म्ह पूजा, नेपाल सम्वत् कार्तिक १ गते आइतवार ।

(ग) भाइटिका, कार्तिक २ गते सोमवार ।

८. दिवस बिदा :

(क) लोकतन्त्र दिवस, वैशाख ११ गते शुक्रवार ।

(ख) विश्व मजदुर दिवस, (मे १) वैशाख १८ गते शुक्रवार ।

(ग) गणतन्त्र दिवस, जेष्ठ १५ गते शुक्रवार ।

(घ) निजामती सेवा दिवस, भाद्र २२ गते सोमवार ( निजामती कर्मचारी ( विदेश स्थित नेपाली नियोगहरुमा कार्यरत समेत ) , अदालत तथा संवैधानिक निकायका कर्मचारीहरुलाई मात्र ) ।

(ङ) अन्तर्राष्ट्रिय अपाङ्ग दिवस, (डिसेम्वर ३) मंसिर १८ गते विहिवार (नेपाल भित्रका सम्पूर्ण अपाङ्ग कर्मचारीहरुको लागि)

(च) शहीद दिवस, माघ १६ गते शनिवार ।

(छ) राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन ७ गते शुक्रवार ।

(ज) अन्तर्राष्ट्रिय नारी दिवस, (मार्च ८) फागुन २४ गते सोमवार ।

९. शुभजयन्ती बिदा :

(क) वुद्ध जयन्ती, वैशाख २६ गते शनिवार ।

(ख) श्रीकृष्ण जन्माष्टमी, श्रावण २९ गते विहिबार ।

(ग) रामनवमी (राम जयन्ती), चैत्र ११ गते बुधवार ।

१०. सट्टा विदा :

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना, चौकी, फायर व्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, नेपाल सरकार मुद्रण विभाग, हुलाक, आकाशवाणी आदि जस्ता रोजना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरुले सार्वजनिक विदाका दिनमा समेत काम काज गर्नु पर्ने हुँदा त्यस्ता कार्यालयहरुमा दैनिक काम नरोकिने गरी सार्वजनिक विदाका दिन काम गरेवापत प्रचलित कानूनको रीत पुऱ्याई सट्टा विदा वस्न पाइने ।

११. कार्यालय हाजिर हुने र छुट्ने समय :

नेपाल राज्यभरका सवै सरकारी कार्यालयहरुमा शुक्रवार बाहेक माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म विहान १०:०० बजे हाजिर भई अपरान्ह ५:०० बजे छुट्ने र कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म विहान १०:०० बजे हाजिर भई अपरान्ह ४:०० बजे छुट्ने । शुक्रबारको हकमा विहान १०:०० बजे हाजिर भै अपरान्ह ३:०० बजे छुट्ने ।

द्रष्टव्य :

(क) “आधा दिन” भन्नाले कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको निम्ति १:०० वजे र माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म दिनको १.३० वजेसम्म सम्झनु पर्छ ।

(ख) सेवाग्राहीलाई प्रदान गरिने सेवा प्रवाहमा असर नपर्ने गरी कार्यालय समयको १ बजेदेखि २ वजेसम्म खाजा खाने समय कायम गरिएकोछ ।

आज्ञाले

डा. गोविन्दप्रसाद कुसुम’

नेपाल सरकारको सचिव